# शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१

नेपाल सरकार (सचिवस्तर) मिति २०७१/०८/१७ को निर्णय अनुसार स्वीकृत

नेपाल सरकार

कृषि विकास मन्त्रालय

मार्ग, २०७१

# शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१

**प्रस्तावना :**

मूलुकमा तरकारी, फलफूल, आलु, पुष्प, माछा, खाद्यान्न वाली लगायत विभिन्न कृषि उपजहरुको उत्पादन उल्लेखनीय परिमाणमा बृद्धि हुंदै आएको छ र आगामी वर्षहरुमा अझै बृद्धि हुदै जाने संभावना देखिन्छ । कृषकहरुबाट उत्पादित तरकारी, फलफूल, पुष्प, आलु, माछा, लगायतका उपजहरु छिटो नाश हुने भएका कारण यी उपजहरु वाट कृषकहरुलाई अपेक्षित लाभ प्रदान गरी उत्पादन बृद्धिमा अझ वढी हौसला प्रदान गर्नका लागि उत्पादित त्यस्ता कृषि उपजहरुको सुरक्षित भण्डारण गरी उचित समयमा विक्री वितरणको व्यवस्था मिलाउने प्रणालीको विकास गर्न विभिन्न स्थानमा शितभण्डार निर्माण गर्नु आवश्यक हुन्छ । यस सिलसिलामा छिटो नाशवान हुने खालका आलु, पुष्प, तरकारी तथा फलफूल जस्ता उपजलाई शित भण्डारमा भण्डारण गरी माग अनुरुप क्रमिक रुपमा बजारमा पुऱ्याउन सकिएमा कृषकहरुको आय बढने, उत्पादन बृद्धिमा थप योगदान पुग्ने र शहरी क्षेत्रका उपभोक्तालाई खाद्यबस्तुको नियमित आपूर्ति समेत हुने हुनाले आ.व. २०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रममा शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले सो कार्यक्रम कार्यान्वयन गर्न निजी क्षेत्र, सहकारी संस्था तथा सार्वजनिक एवं गैरसरकारी संस्थाहरुलाई समावेशगरी शितभण्डार निर्माण गर्ने कार्यमा सरकारबाट अनुदान सहयोग उपलब्ध गराउने व्यवस्थालाई पारदर्शी तथा प्रभावकारी बनाउन बान्छनिय भएकाले नेपाल सरकारले शुसान व्यवस्थापन तथा सञ्चालन ऐनको दफा ४५ र आर्थिक कार्यविधि नियमावलीको दफा १२३ले दिएको अधिकार प्रयोग गरि "शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१" स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७१" हुनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

**२. कार्यविधि लागु हुने ठाउँ :**

यो कार्यविधि नेपाल भर लागु हुनेछ ।

**३. परिभाषा :**

(क) "उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारबाट शितभण्डार निर्माणका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैरसरकारी संस्था सम्झनुपर्दछ ।

(ख) "प्रस्ताव " भन्नाले उद्यमीले शितभण्डार निर्माणका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनुपर्दछ ।

(ग) "अनुदान " भन्नाले यस कार्यविधि अनुरुप शित भण्डार निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद अनुदान रकम सम्झनुपर्दछ ।

(घ) “निर्देशनालय ” भन्नाले कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ङ) “गैर सरकारी संस्था” भन्नाले संस्था दर्ता ऐन अनुरुप संबन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

(च) “सहकारी संस्था” भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम संवन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्दछ ।

(छ) “निजी कम्पनी” भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्टारको कार्यालय दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेत लाई जनाउँदछ ।

(ज) “सार्वजनिक संस्था” भन्नाले नेपाल सरकार अन्तर्गत सरकारको लगानीमा स्थापना भई संचालित बोर्ड, समिति, संस्थान सम्झनुपर्दछ । यस अन्तर्गत कृषि विकास मन्त्रालय अन्तर्गतको कार्यक्रम अनुरुप संचालित कृषि उपज बजारको संचालक समिति समेत सम्झनु पर्छ

(झ) “नाशवान कृषि उपज” भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, पुष्प तथा माछा जस्ता शित भण्डारणको आवश्यकता पर्ने नाशवान वस्तु सम्झनु पर्दछ ।

(ञ) “मूल्याङ्कन समिति” भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ट) “निर्देशक समिति” भन्नाले परिच्छेद २ को दफा ९ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ठ) “कृषि वजार” भन्नाले कृषि उपजको खरिद बिक्री हुने क्षेत्र सम्झनु पर्दछ । यस शब्दले कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार र खुद्रा बजारको क्षेत्र समेत सम्झनुपर्दछ ।

(ड) “थोक बजार” भन्नाले कुनै पनि कृषि उपज थोक खरीद विक्री हुने वजार स्थल सम्झनु पर्दछ

**४. कार्यवधिको उद्देश्यः**

(क) कृषकहरुले उत्पादन गरेका नाशवान कृषि उपजहरुको सुरक्षित भण्डारण गरी वजारको माग तथा मूल्य हेरी उनीहरुले चाहेका समयमा विक्री गरी बढी आय प्राप्त गर्न सक्षम बनाउने ।

(ख) उपभोक्ताहरुलाई कृषि बजारहरुमा वर्ष भरी तरकारी, फलफूल माछा, पुष्प लगायतका खाद्य वस्तु आपूर्ति गर्न योगदान पु¥याउने ।

(ग) आन्तरिक तथा बैदेशिक बजारको लागि गुणस्तरयुक्त कृषि बस्तुको आपूर्ति व्यबस्थामा योगदान पु¥याउने ।

(घ) नाशवान् कृषि उपजको नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउने ।

## परिच्छेद २

## अनुदानका लागि प्रस्ताव छनौट

**५ सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः**

(क) यस कार्य विधि अनुरुप संभाव्य र आवश्यक क्षेत्रहरुमा शितभण्डार निर्माण गर्ने कार्यमा सरकारका तर्फबाट सहयोग पु¥याउन अनुदान दिने उद्देश्यले निर्देशनालयले **कम्तिमा ३०** दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरुप निजी कम्पनी, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था र गैरसरकारी संस्थाले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी प्रस्ताव पेश गर्न सक्नेछन् ।

**६. आवेदन दिन आवश्यक योग्यता :**

यस कार्यविधि अनुरुप शितभण्डार निर्माण कार्यका लागि देयाह बमोजिमका सवै योग्यता पुगेका उद्यमीहरुले अनुसुचि २ अनुसार आवेदन दिन सक्नेछन् ।

(क) आवेदकको कम्पनी, सहकारी संस्था, सार्वजनिक वा गैरसरकारी संस्था कानुन बमोजिम दर्ता भई तथा स्थायी लेखा नम्बर लिएको वा जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएको कृषक समूह वा कृषि उपज बजार स्थलको व्यवस्था तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०५३ बमोजिम संचालन भएको निर्देशनालयको रेकर्डमा रहेको कृषि उपज बजार संचालक समिति ।

(ख) कृषि उपज बजारका लागि २० मे.टन. भन्दा बढी क्षमताको शित भण्डार स्थापना गर्न संभाव्यता अध्ययन सम्पन्न गरेको,

(ग) शित भण्डार निर्माण गर्न जग्गाको व्यवस्था भईसकेको वा निर्मित भवनमा शित भण्डारको व्यवस्था गर्न सकिने अवस्था रहेको ।

(घ) मान्यता प्राप्त प्रविधिक वा फर्मबाट शित भण्डारको डिजाईन र लागत अनुमान तयार भईसकेको ।

(ङ) शित भण्डार निर्माण गर्न कार्य योजना र लागत अंश व्यहोर्न सक्ने क्षमता भएको ।

**७. मूल्यांकन समितिको गठन व्यबस्था :**

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन र सो संबन्धी व्यबस्थाका लागि देहाय बमोजिम मूल्यांकन समिति गठनको व्यबस्था गरिने छ । यस कार्यविधि अनुरुप अनुदान संबन्धी नीति निर्णय र आएको समस्याहरुलाई निराकरण गर्ने काम यसै समितिको हुनेछ ।

(क) महानिर्देशक, कृषि विभाग - अध्यक्ष

(ख) रजिष्ट्रार, सहकारी विभाग -सदस्य

(ग) कार्यक्रम निर्देशक, कृषि इन्जिनियरिङ्ग निर्देशनालय, कृषि विभाग -सदस्य

(घ) कार्यक्रम निर्देशक, तरकारी बिकास निर्देशनालय, - सदस्य

(ङ) कार्यक्रम निर्देशक, फलफुल बिकास निर्देशनालय, - सदस्य

(च) कार्यक्रम निर्देशक, मत्स्य बिकास निर्देशनालय, - सदस्य

(छ) प्रमुख, कृषि उद्यम केन्द्र - सदस्य

(ज) कार्यक्रम निर्देशक, कृषि व्यबसाय प्रबर्द्धन तथा वजार बिकास निर्देशनालय -सदस्य सचिव

(झ) बरिष्ठ कृषि अर्थ विज्ञ, कृषि व्यबसाय प्रबर्द्धन तथा वजार बिकास निर्देशनालय -सदस्य सचिव

**८. मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार**

(क) यस कार्यविधिको अनुसूची १ को मूल्यांकन फर्मेट अनुरुप प्रस्ताव मूल्यांकन गर्ने ।

(ख) मूल्यांकन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत वजेटको परिधि भित्र कतिवटा ठाउँमा अनुदान उपलब्ध गराउन सकिन्छ सो यकिन गरी स्वीकृतिका लागि निर्देशक समितिमा सिफारिस गर्ने ।

(ग) शित भण्डारको अनुदानको लागि किस्ता निकासा गर्न स्वीकृती दिने ।

(घ) शित भण्डार निर्माणको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(ङ) निर्देशनालयलाई शितभण्डार निर्माण संबन्धमा मार्गदर्शन दिने ।

(च) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारबाहीका लागि सिफारिस अघि बढाउने ।

(छ) मूल्यांकन संबन्धी आबश्यक अन्य कार्य गर्ने ।

**९. निर्देशक समितिको व्यवस्था**

यस कार्यविधि अनुरुप अनुदान सम्वन्धी नीति निर्णयको लागि देयाह बमोजिम निर्देशक समितिको व्यवस्था हुनेछ ।

| | |
|---|---|
| (क) सचिव, कृषि विकास मन्त्रालय | - अध्यक्ष |
| (ख) सह सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (घ) सह सचिव, (योजना महाशाखा) कृषि विकास मन्त्रालय | - सदस्य |
| (ङ) महानिर्देशक, कृषि विभाग, | - सदस्य |
| (च) कार्यक्रम निर्देशक, कृषि व्यबसाय प्रबर्द्धन तथा वजार बिकास निर्देशनालय | - सदस्य |
| (छ) सह सचिव, कृषि व्यबसाय प्रबर्द्धन तथा तथ्याकं महाशाखा | -सदस्य सचिव |

## परिच्छेद ३

## अनुदान रकम स्वीकृति

**१०.** दफा (९) बमोजिम गठित निर्देशक समितिले यस कार्यबिधि बमोजिम शित भण्डार निर्माण गर्न अनुदान रकम स्वीकृती दिनेछ ।

## परिच्छेद ४

## अनुदान रकम, उपलब्ध गराउने र खर्च गर्ने विधि

**११. अनुदान प्रवाह बिधि**

(क) शित भण्डार निर्माण र मेशिनरी उपकरण खरीद वा आयात गर्नुपर्ने भए साझेदार संस्था/प्रस्तावकले व्यहोर्ने साझेदार लागत बराबरको निर्माण तथा खरीद कार्य गरिसकेपछि त्यसपश्चात निर्माण कार्यको बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिने छ । अनुदान रकम बढीमा तीन किस्ताको हुनेछ ।

(ख) उद्यमीले मेशिन उपकरण जडान गरेको इन्जिनियरिङ्ग प्रतिवेदन र स्थलगत अनुगमन रिपोर्ट अनुरुप बाँकी रकम उपलब्ध गराइने छ ।

(ग) निर्देशनालयले प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ ।

(घ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख निर्देशनालयले राख्नेछ ।

**१२. उद्यमीले पालना गर्नुपर्ने अन्य कुरा :**

(क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, निर्माण गर्ने ठेकेदारको नाम, सम्पन्न गर्ने अवधि ठेकेदार मार्फत निर्माण स्थलमा टाँस्ने व्यवस्था गर्नुपर्ने छ ।

(ख) यस कार्य विधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यमा इन्जिनियरबाट निरीक्षण एवं सम्पन्न कामको मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) सम्पन्न काम र खर्चको प्रतिवेदन मासिक रुपमा  निर्देशनालयमा पठाउनु पर्नेछ ।

(घ) शित भण्डार निर्माणको क्रममा कृषि विभाग र निर्देशनालय लगायत जिल्लास्थित कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको शित भण्डार निर्माण सम्बन्धी हिसाव किताव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

**१३. अनुदानको रकम**

निर्देशक समितिले निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र निम्न बमोजिम शित भण्डार निर्माणका लागि अनुदान रकम स्वीकृत गर्नेछ ।

(क) कृषक समूह, कृषि सहकारी संस्था लि. र सार्वजनिक कृषि उपज बजार संचालक समितिबाट २० मे.टन. भन्दा कम क्षमताको प्रस्ताव भएको शित भण्डार निर्माणको लागि लागत अनुमानको बढीमा ८५ प्रतिशत रकम अनुदान ।

(ख) कृषक समूह, कृषि सहकारी संस्था लि. र सार्वजनिक कृषि उपज बजार संचालक समितिबाट २० मे.टन. भन्दा बढी क्षमताको प्रस्ताव भएको शित भण्डारको लागि लागत अनुमानको बढीमा ७० प्रतिशत रकम अनुदान ।

(ग) निजी क्षेत्र, फर्म वा कम्पनीबाट २० मे.टन. भन्दा कम क्षमताको शित भण्डार निर्माण लागत अनुमानको बढीमा ५० प्रतिशत रकम अनुदान ।

(घ) निजी क्षेत्र, फर्म वा कम्पनीबाट २० मे.टन. भन्दा बढी क्षमताको शित भण्डार निर्माणको लागि लागत अनुमानको बढीमा २५ प्रतिशत रकम  अनुदान ।

(ङ) अनुदान रकम बढीमा रु. एक (१) करोडसम्म हुनेछ ।

## परिच्छेद ५

## अनुगमन र विविध

**१४. अनुगमन व्यवस्था :**

(क) अनुदान प्राप्त शितभण्डारको निर्माण तथा संचालनको अनुगमन कृषि विभाग लगायत कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालय र क्षेत्रीय कृषि निर्देशनालयले गर्नेछ ।

(ख) कृषि बिकास मन्त्रालयले यस कार्यविधि अनुरुप निर्मित तथा संचालित शितभण्डारको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

(ग) दफा १४ को खण्ड (क) वा (ख) बमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख / प्रतिवेदन निर्देशनालयले सुरक्षित राख्नु पर्ने छ ।

(घ) यस उपदफा (क) र (ख) बमोजिम लिइएको निर्देशन पालना गर्नु उद्यमीको कर्तव्य हुनेछ ।

**१५.** सम्भाव्यता अध्ययन

(क) कृषि उत्पादन क्षेत्रको विकास तथा बजार विकासको अवस्थालाई दृष्टिगत गरी निर्देशनालयले शित भण्डार निर्माण सम्बन्धी संभाव्यता अध्ययन गर्न सक्नेछ ।

(ख) निर्देशनालयबाट सम्पन्न संभाव्यता अध्ययनको प्रतिवेदनलाई उद्यमीले प्रस्तावमा समावेश गर्न सक्नेछन् ।

**१६. सेवा शुल्क निर्धारण :**

शित भण्डार निर्माण गरी संचालन गर्दा उद्यमीले निज वा प्रतिनिधि, प्रमुख अधिकृत र निर्देशनालयको प्रतिनिधि सहितको सेवा शुल्क निर्धारण समिति गठन गरी उक्त समितिबाट सेवा शुल्क दर निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने व्यवस्था गर्नेछन् ।

**१७. कारबाहीको व्यवस्था**

(क) सम्झौता अनुरुप काम नगर्ने उद्यमीलाई मूल्यांकन समिति वा निर्देशक समितिले अनुदान रोक्का गर्न सक्नेछ ।

(ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

(ग) सम्झौता अनुरुप निर्माण नगर्ने वा रकमको हिसाव नबुझाउने उद्यमीलाई कृषि विकास मन्त्रालयले प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

**१८. बाधा अड्चन र निरुपण**

(क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण कृषि विकास मन्त्रालयले गर्नेछ ।

१९. **खारेजि एवं संशोधन**

(क) शित भण्डार निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७० खारेज गरिएको छ ।

(ख) यस कार्यविधि कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूचि १

## शित भण्डार निर्माणको लागि अनुदान रकम उपलब्ध गराउने मूल्यांकन फारम

**१. शित भण्डार निर्माण गर्ने जग्गाको क्षेत्रफल सम्बन्धी व्यवस्थाः** **(१० अंक)**

(क) जग्गाको क्षेत्रफल पर्याप्त भएको ।

(ख) जग्गाको क्षेत्रफल पुग्न सक्ने भएको ।

(ग) जग्गाको क्षेत्रफल अपर्याप्त भएको ।

**२. शित भण्डार निर्माणधिनको लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्थाः** **(१० अंक)**

(क) सडक र बिजुलीको सुविधा भएको

(ख) बिजुलीको सुविधा भएको तर सडक नभएको

(ग) सडक र बिजुली नभएको

**३. शित भण्डार निर्माण गर्ने संस्थाको जग्गाको स्वामित्वः** **(१० अंक)**

(क) जग्गाको स्वामित्व आफ्नै नाममा भएको

(ख) जग्गाको स्वामित्व सार्वजनिक वा ३० वर्ष भन्दा बढीको लीजमा भएको

(ग) जग्गाको स्वामित्व ३० वर्ष भन्दा कम अवधिको लिजमा भएको

**४. सहभागितात्मक विकास/निर्माणको संभावना** **(१५ अंक)**

(क) कृषक समूह/कृषक सहकारीको संलग्नतामा निर्माण/विकास पुरा हुने

(ख) कृषक समेतको संलग्नतामा अन्य संस्थाबाट विकास हुने

(ग) कृषक बाहेक अन्य सरोकारवालाको/सामान्य रुपमा विकास हुने

**५. कृषि बजार केन्द्रहरुसँग सामान्जस्यमा संचालन हुन सक्ने संभावना** **(१५ अंक)**

(क) उत्पादन पकेट वा कृषि उपज बजारमा पर्याप्त सेवा पुग्न सक्ने

(ख) उत्पादन पकेट वा बजार केन्द्रभन्दा टाढा पर्ने तर भण्डार गर्न सक्ने देखिएको

(ग) शित भण्डार टाढा भएकोले उत्पादन संचय गर्न कठिनाई भएको

**५. शित भण्डारको प्रस्तावको आर्थिक क्षमताको अवस्था** **(१० अंक)**

(क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सक्षम भएको आधार देखिएको

(ख) व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य देखिएको आधार पेश भएको

(ग) व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य नदेखिएको

**७. शित भण्डारमा संचय हुन सक्ने सम्भाव्यताको अवस्था** **(१० अंक)**

(क) नियमित संचय हुन सक्ने देखिएको

(ख) फाटफुट/मौसमी संचय हुन सक्ने देखिएको

(ग) न्युन मात्रामा संचय हुन सक्ने देखिएको

**८. लक्षित वर्गको सहभागिताको अवस्था** **(१० अंक)**

(क) उत्पादक कृषकहरुको पूर्ण सहभागितामा प्रस्ताव पेश भएको

(ख) लक्षित कृषकहरुको आंशिक सहभागिताको प्रस्ताव पेश भएको

(ग) लक्षित कृषकहरुको सहभागिता नभएको

**९. समष्टिगत सम्भाव्यता/वातावरणीय सम्भाव्यताको स्थिती** **(१० अंक)**

## अनुसूचि २

## शित भण्डार निर्माण अनुदानका लागि आवेदन फारम

श्री कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय,
हरिहरभवन ।

हाम्रो कृषक समूह/कृषि सहकारी संस्था/समिति/फर्म/कम्पनीबाट ............... गा.वि.स./न.पा., .............. जिल्ला अन्तर्गत ................स्थानमा शित भण्डार निर्माण गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु. ....................... मध्ये रु. ..................... हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. ................. अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौं ।

**<u>संलग्न कागजहरु</u>**

१. संस्था दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि वा सार्वजनिक कृषि उपज बजार संचालक समितिको रेकर्ड

२. २० टन भन्दा बढी क्षमताको हकमा संभाव्यता अध्ययनको रिपोर्ट

३. जग्गाको लालपुर्जा वा लिजको प्रमाणित प्रतिलिपि

४. शित भण्डारको (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान .................

५. शित भण्डार निर्माण गर्न कार्य तालिका र बजेट श्रोतहरु .....................

६. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण ................

७. सडक/बिजुली रहे नरहेको विवरण ................

८. शित भण्डार क्षमताको कति प्रतिशत संचय हुन सक्ने अध्ययन/अनुमान छ .................

९. सेवा पुऱ्याउने व्यवसायीक क्षेत्रहरु ..............

१०. संस्था/कम्पनीका साधारण सदस्य संस्था .................

११. निकट व्यवसायीक कृषकहरुको यस आयोजनामा कस्तो सहभागिता रहने हो विवरण .............

निवेदक

.....................**कृषक समूह**/.................**कृषि सहकारी संस्था**

...........................**संस्था**/.................................. **समिति**

...............................**फर्म/कम्पनी**.................................

**ठेगाना**

**संस्थाको छाप**